## खण्ड "ख" — ५० अङ्क

४. आयकर ऐन, २०५८ बमोजिम आयका शिर्षकहरू के-के हुन्? आय गणना गर्ने प्रयोजनका लागि कट्टी गर्न पाउने खर्चहरू के-के हुन्? बुँदागतरूपमा लेख्नुहोस् । ५+५=१०

५. सार्वजनिक-निजी तथा साझेदारी ऐन, २०७५ को प्रावधानअनुसार सार्वजनिक-निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा अपनाउन सकिने तरिकाहरू उल्लेख गर्नुहोस् । साथै निर्माण-स्वामित्वकरण-सञ्चालन तथा हस्तान्तरण तरिका अपनाई हवाई मैदान निर्माण गर्नुपर्दा नेपाल नागरिक उड्डयन प्राधिकरणले सामना गर्नुपर्ने सम्भावित समस्या पहिचान गरी समस्या समाधानका लागि अवलम्बन गर्नुपर्ने रणनीति र कार्यनीतिको खाका प्रस्तुत गर्नुहोस् । ५+१०+५=२०

६. नेपाल नागरिक उड्डयन प्राधिकरण जस्तो स्वायत्त संस्थाको स्रोत व्यवस्थापनमा पनि स्वायत्तता अभ्यास गर्न दिइन्छ । त्यस कारण प्राधिकरणले राजश्व परिचालन गर्न पाउने गरी विमानस्थल सेवा शुल्कसम्बन्धी नियमावली र तदनुरूप सेवा शुल्कका दरहरू तोकिन्छन् । हालै मात्र यससम्बन्धी नयाँ नियमावली जारी पनि भएको छ । प्राधिकरणलाई थप लगानी गर्नसक्ने क्षमतावान संस्था बनाउन यसको भूमिका के होला? यसबाट यात्रुमा पर्ने चाप कसरी व्यवस्थापन गर्न सकिन्छ? व्यवहारिक र कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नुहोस् । १०+१०=२०

---

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, नवौं, प्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०५।०२

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषयः सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

खण्ड "क" ५० अङ्क

१. नेपाल नागरिक उड्डयन प्राधिकरणको गठन विधि, योजना कार्यान्वयनको लागि प्राधिकरणले निषेध गर्न सक्ने, नियमित गर्न सक्ने र निर्देशन दिन सक्ने विषयहरू उल्लेख गर्नुहोस् । १०

२. विमानस्थल नेपालको महत्वपूर्ण र अति आवश्यक पूर्वाधार हो भन्नेमा दुईमत छैन । तर विमानस्थल निर्माणको नाममा जिल्लैपिच्छे विमानस्थल निर्माण गर्ने र त्यसपछि त्यसको कुशल सञ्चालन हुन नसक्दा लगानीको प्रभावकारी उपयोग हुन नसकेको तथा त्यसबाट लागत परिपूरण पनि हुन नसकेको देखिन्छ । यसलाई हेर्दा मापदण्डमा आधारितभन्दा भनसुन र दवावको आधारमा विमानस्थल निर्माणमा बजेट विनियोजन हुने गरेको भन्ने आरोपमा सत्यता छ कि भन्ने लाग्छ । यस परिप्रेक्ष्यमा विमानस्थल निर्माण र बनेका विमानस्थल सञ्चालन र उपयोगको आगामी कार्यदिशा के हुनुपर्छ? सुझावसहित कार्ययोजना प्रस्तुत गर्नुहोस् । ५+५+१०=२०

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (Air Navigation) र हवाई परिवहन (Air Transportation) सेवालाई नियमित, सुरक्षित, भरपर्दो, विश्वसनीय, स्तरीय र प्रभावकारीरूपमा सञ्चालन गर्ने उद्देश्यले नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना गरिएको हो । यसको सहज सञ्चालनार्थ २०५३ सालमा प्राधिकरण ऐन र तत् पश्चात् अन्य सम्बद्ध ऐन तथा नियमावलीहरू तर्जुमा गरी लागू गरिए । कानूनले नै यो संस्थाले सम्पादन गर्नुपर्ने जिम्मेवारी तोकिदिएको अवस्था छ । उल्लेखित व्यवस्था हुँदाहुँदै पनि प्राधिकरणको स्थापनाकालीन उद्देश्यअनुरुप प्राधिकरणले नियमित, सुरक्षित, विश्वसनीय र प्रभावकारी सेवा सञ्चालन गर्न नसकेको भनी सर्वत्र आलोचना भइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ ले प्राधिकरणलाई तोकेको काम, कर्तव्य र अधिकारको मौजुदा व्यवस्थाको समीक्षा, संस्थागत क्षमताको विश्लेषण र समग्र कार्यान्वयनको अवस्था तथा त्यसमा देखिएका समस्या एवं चुनौतीहरू औंल्याउँदै समस्या समाधानका लागि कार्यान्वयनयोग्य सुझावसहित ठोस कार्यान्वयन कार्ययोजना (Implementation Action Plan) प्रस्तुत गर्नुहोस् । ५+५+५+५=२०

क्रमशः